# ऐसेलुखर्क गाउँपालिका छात्रवृत्ति कोष कार्यविधि २०७७

कार्यपालिकाबाट स्वीकृत मिति : २०७७/०५/१०

## परिच्छेद १

**प्रस्तावना** :

गाउँपालिका क्षेत्रभित्र प्राविधिक दक्ष जनशक्ति उत्पादन गरी विकास निर्माणमा स्थायित्व तथा सेवा प्रवाहमा सुलभता ल्याउनु वाञ्छनीय भएकाले ऐसेलुखर्क गाउँपालिकाको शिक्षा ऐन २०७६ को दफा ८७ को उपदफा २. क लाई कार्यान्वयन गर्न उक्त ऐनको दफा ११० बमोजिम ऐसेलुखर्क गाउँपालिकाले “छात्रवृत्ति कोष कार्यविधि २०७७” निर्माण गरी लागू गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ :

क) यो कार्यविधिको नाम “छात्रवृत्ति कोष कार्यविधि २०७७” रहेको छ ।

ख) यो कार्यविधि तुरुन्त लागू हुनेछ ।

२) परिभाषा र व्याख्या :

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा

क) “गाउँपालिका” भन्नाले ऐसेलुखर्क गाउँपालिकालाई सम्झनु पर्छ ।

ख) “कार्यपालिका” भन्नाले ऐसेलुखर्क गाउँ कार्यपालिकालाई सम्झनु पर्छ ।

ग) “शिक्षा समिति” भन्नाले ऐसेलुखर्क गाउँपालिका शिक्षा समितिलाई सम्झनु पर्छ ।

घ) “अध्यक्ष” भन्नाले ऐसेलुखर्क गाउँपालिका अध्यक्षलाई सम्झनु पर्छ यो शब्दले गाउँ शिक्षा समिति अध्यक्षलाई समेत बुझाउँछ ।

ङ) “उपाध्यक्ष” भन्नाले ऐसेलुखर्क गाउँपालिका उपाध्यक्षलाई सम्झनु पर्छ ।

च) “अधिकृत” भन्नाले ऐसेलुखर्क गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

छ) “शिक्षा अधिकृत” भन्नाले ऐसेलुखर्क गाउँपालिकाको शिक्षा शाखा प्रमुखलाई सम्झनु पर्छ ।

ज) “कोष” भन्नाले ऐसेलुखर्क गाउँपालिकाको छात्रवृति कोष सम्झनु पर्छ ।

झ) “शिक्षा शाखा” भन्नाले ऐसेलुखर्क गाउँपालकिाको शिक्षा शाखा लाई सम्झनु पर्छ ।

ञ) “ छात्रवृति कार्यान्वयन समिति” भन्नाले दफा ४.१ वमोजिम गठित समितिलाई सम्झनु पर्दछ ।

# परिच्छेद २

**३. उद्देश्यः**

यस कार्यविधिका उद्देश्यहरू निम्न लिखित रहेका छन्:

क) गाउँपालिकाको प्राविधिक तथा व्यावसायिक शिक्षामा टेवा पुऱ्याउन ।

ख) प्राविधिक तथा व्यावसायिक शिक्षामा सवै वर्गको पँहुच सुनिश्चित गर्नु ।

ग) गाउँपालिकामा देखिएको प्राविधिक तथा व्यावसायिक जनशक्तिको कमी पुर्ति गर्न ।

## ४) समिति गठन गर्न सक्ने :

**४.१ छात्रवृत्ति कोष कार्यान्वयन समिति** : यो कार्यविधिको उद्देश्य कार्यान्वयनका लागि गाउँपालिका अध्यक्ष वा गाउँ शिक्षा समितिको अध्यक्षको संयोजकत्वमा गाउँपालिका स्तरमा देहाय बमोजिमको छात्रवृत्ति कोष निर्णायक समिति रहनेछ ।

क) अध्यक्ष वा गाउँ शिक्षा समितिको अध्यक्ष –संयोजक

ख) उपाध्यक्ष –सदस्य

ग) प्रमुख प्रशासकीय अधिकृत –सदस्य

घ) शिक्षा समितिका सदस्यहरुमध्ये बाट सो समितिले सिफारिस गरेको एक जना –सदस्य

ङ) शिक्षा अधिकृत –सदस्य सचिव

४.२ समितिले आवश्यकता अनुसार विज्ञहरूलाई आमन्त्रण गर्न सक्नेछ

४.३ छात्रवृत्ति व्यवस्थापन समितिको वैठक आवश्यकता अनुसार बस्नेछ ।

४.४ वैठक सञ्चालन सम्बन्धी कार्यविधि समिति आफैले तयार गरे बमोजिम हुनेछ ।

## ४.५ समितिको काम,कर्तव्य र अधिकार :

क) छात्रवृति वितरणका लागि सार्वजनिक सूचना प्रकाशन गर्ने ।

ख) आवेदकको निवेदन र कागजातको रितपूर्वक अध्ययन गरि अनुसूची २ वमोजिमको मापदण्डको आधारमा निर्णय गर्ने ।

ग) कोषको संरक्षण,संम्बर्द्धन र प्रबर्द्धन गर्ने ।

घ) आवश्यकता अनुसार अन्य कार्यहरु गर्ने ।

**४.६ शिक्षा शाखाको कार्य :**

छात्रवृति कार्यान्वयनको लागि शिक्षा शाखाको कार्य देहायवमोजिम हुनेछ ।

क) छात्रवृति कोष कार्यान्वयन समितिको निर्णय वमोजिम सूचना प्रकाशन गर्ने ।

ख) आवेदकको निवेदन संकलन गरि छात्रवृति कोष कार्यान्वयन समितिको वैठकमा पेश गर्ने ।

ग) छनौट भएका विद्यार्थीहरुलाई छात्रवृति प्रदान गर्ने ।

घ) छात्रवृति कोष कार्यान्वयन समितिको निर्णय वमोजिम अन्य कार्य गर्ने ।

ङ) प्रतिवर्ष **(६) क , ख, ग** मा उल्लेखित रकम १ / १ जनाले मात्र प्राप्त गर्न सक्नेछन् ।

च) धेरै प्रतिस्पर्धी भएमा उत्कृष्ट १ / १ जनालाई छात्रवृति रकम उपलब्ध गराइनेछ ।

## परिच्छेद ३

### ५. छात्रवृति छनोट प्रक्रिया :

क) यो छात्रवृत्ति स्नातक तहमा एम.वि.वि.एस., बि.डि.एस. र बि.ई. अध्ययन गर्ने विद्यार्थीका लागिमात्र उपलब्ध गराइनेछ ।

ख) छात्रबृत्ति प्राप्त गर्न चाहने बिद्यार्थीले अनुसूची १ वमोजिम निवेदन पेश गर्नुपर्नेछ ।

ग) छात्रवृति प्राप्त गर्न आवेदकले अनुसूची २ अनुसारको कागजात पेश गर्नुपर्नेछ ।

घ) छात्रवृतिमा छनोट अनुसूची ३ वमोजिमको मापदण्डका आधारमा हुनेछ ।

### ६. छात्रवृति रकम :

छात्रवृति रकम देहाय वमोजिम वितरण गरिनेछ ।

क) एम.वि.वि.एस. अध्ययन गर्न प्रतिवर्ष रु एक लाखको दरले चार वर्षसम्म ।

ख) बि.डि.एस.अध्ययन गर्न प्रतिवर्ष रु असी हजारको दरले चार वर्षसम्म ।

ग) बि.ई. अध्ययन गर्न प्रतिवर्ष रु पचास हजारको दरले चार वर्षसम्म ।

### ७. शर्त तथा वन्देजहरु :

यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि निम्न सर्त तथा बन्देजहरु लागू हुनेछन् ।

क) छात्रवृतिमा छनौट भएको विद्यार्थीले मात्र छात्रवृति प्राप्त गर्नेछ ।

ख) कुनै कारणवश विद्यार्थीले अध्ययन वीचैमा छाडेमा वा अन्य काराणले अध्ययन निरन्तर हुन नसकेमा छात्रवृति दिइनेछैन ।

ग) एकै सगोल घर भएका परिवारको एक जनाले मात्र एकपटक मात्र छात्रवृति पाउन योग्य हुनेछ ।

सोमेश्वर गाउँपालिका

घ) छात्रवृतिको कार्यक्षेत्र ऐसेलुखर्क गाउँपालिकाको स्थायी वासिन्दाको हकमा मात्र लागु हुनेछ ।

ङ) नेपाल सरकार वा अन्य कुनै किसिमको निशुल्क छात्रवृतिमा अध्ययन गरिरहेको विद्यार्थीको हकमा यो कार्यविधि लागु हुने छैन ।

च) ऐसेलुखर्क गाउँपालिका भित्र सञ्चालित सामुदायिक विद्यालयवाट माध्यमिक तह पुरा गरेको हुनुपर्नेछ ।

## परिच्छेद ४

**८.विविध** :

**८.१ बाधा अड्काउ फुकाउ** : यो कार्यविधिको उद्देश्य कार्यान्वित गर्न कुनै बाधा अड्काउ परेमा गाउँकार्यपालिकाले आवश्यक कार्यविधि थप गरी कार्यान्वयन गर्न सक्नेछ । त्यस्तो कार्यविधि यसै कार्यविधिमा परे सरह मानिनेछ ।

**८.२ बचाउ** : यो कार्यविधिमा लेखिए जति कुरा सोही बमोजिम र नलेखिएका कुरा प्रचलित नियमबमोजिम हुनेछ ।

ऐसेलुखर्क गाउँपालिका

अनुसूची १
(सम्बन्धित आवेदकले दिने निवेदनको ढाँचा)

मितिः ...../.... / ....

श्रीमान् कार्यालय प्रमुख ज्यू,
ऐसेलुखर्क गाउँपालिकाको कार्यालय,
ऐसेलुखर्क, खोटाङ ।

विषयः एम.वि.वि.एस./ बि.डि.एस/ वि.ई.अध्ययन गर्न छात्रवृत्ति सम्बन्धमा ।

प्रस्तुत विषयमा ................................................विषयमा अध्ययन गर्न शैक्षिक सत्र ............ मा ................................................................. क्याम्पस/कलेजमा भर्ना भइ नियमित अध्ययन कार्य सुरु भइसकेको हुनाले निम्न विवरण सहित छात्रवृत्ति उपलब्ध गराइ पाँऊ ।

१. विद्यार्थीको नाम, थरः
२. विद्यार्थीको हाल बसोबास गर्दै आएको ठेगानाः
(क) प्रदेश नं. :
(ख) जिल्ला :
ग) गाउँपालिका :
३. अभिभावकको नाम थरः
(क) बाबुको नाम, थरः
(ख) पेशाः
(ग) आमाको नाम, थरः
(घ) पेशाः
४. विद्यार्थी वा निजको अभिभावकको सम्पर्क नम्वर :
५. यस अघि कुनै छात्रवृत्ति पाए/नपाएकोः
६. कक्षा १२ को ग्रेड/ विषय :
७. एकाघर संगोलमा रहेको परिवारको कुनै सदस्यको नोकरी भए वा नभएकोः
८. गरिवी परिवार परिचय पत्र भए वा नभएकोः
९. आफूले कुन समूहको भन्न रुचाउनुहुन्छ । कुनै एक वटामा रेजा लगाउनुहोस :
(क) महिला (ख जनजाति ) (ग दलित ) (घ) अपाङ्गता

माथि उल्लेखित व्यहोरा ठिक साँचो छन्, फरक परे कानून बमोजिम सँहुला बुझाउला ।

निवेदक :
दस्तखत :............................
नाम :................................
ठेगाना :..........................

# अनुसूची २

(आवेदन साथ पेश गर्नुपर्ने कागजातहरूको विवरण)

१. कक्षा १२ उत्तिर्ण गरेको ग्रेडसिटको प्रतिलिपि,

२. स्नातक तहमा एम.वि.वि.एस.,बि.डि.एस. र बि.ई.मा भर्ना भएको प्रमाणपत्रको प्रतिलिपि

३.नागरीकताको प्रमाणपत्रको प्रतिलिपि

४.जनजाति, दलितको हकमा सम्बन्धित आयोग वा जिल्ला प्रशासन कार्यालयको सिफारिसको प्रतिलिपि,

५. विपन्नता वा गरिवीको हकमा सहकारी तथा गरिवी निवारण मन्त्रालयको गरिवी परिचय पत्रको प्रतिलिपि वा सो नभएको अवस्थामा स्थानीय तहले व्यहोरा खुलाई दिएको सिफारिसको प्रमाणित छाँयाप्रति,

६. सामुदायिक विद्यालयमा अध्ययन गरेको विद्यार्थीले उक्त विद्यालय सामुदायिक हो भनी स्थानीय तहले दिएको सिफारिस पत्र ।

एसेलुर्खुर्क गाँउपालिका

## अनुसूची ३

(छात्रवृतिको छनौटको मापदण्ड )

१. शैक्षिक योग्यता वापत : C ग्रेड :-१० अंक
C+ ग्रेड :- ११ अंक
B ग्रेड :- १२ अंक
B+ ग्रेड :- १३ अंक
A ग्रेड :- १४ अंक
A+ग्रेड :- १५ अंक

२. महिला/ जनजाति/दलित /अपाङ्गता :- ३ अंक

रोसेलुर्क गाँउपालिका